**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- विधानसभा चुनाव अघि पश्चिम बंगाल सरकार द्वारा घोषित 'युवासाथी' योजना अन्तर्गत आवेदन गर्नेहरुको संख्या 13 लाख पार गरेको छ।

- भारतीय जनता पार्टी-भाजपाले पश्चिम बंगालमा सत्तारूढ़ तृणमूल कांग्रेस माथि नयाँ 'युवा साथी' योजना को माध्यमले युवाहरुलाई धोखा दिएको आरोप लगाएको छ।

- दार्जीलिंगका लोकसभा सांसद राजु बिष्टले बंगालका युवाहरूले रोजगारीको माग गरिरहेका छन् तर , टीएमसी सरकारले चुनाव अगाडि उनीहरूलाई "बेरोजगारी भत्ता" को रूपमा ₹१५०० प्रदान गरिरहेको बताउनु भयो।

- लङभ्यू बगानको समस्या समाधान गर्न राज्यले त्रिपक्षीय बैठक बोलाउने जानकारी जी टि ए का डेपुटी चियरम्यान राजेश चौहानले दिनु भएको छ।

- 5 मार्चको दिन हुने आम चुनावका लागि नेपालमा राजनीतिक दलहरुले हिजदेखि औपचारिक रूपले प्रचार शुरू गरेको छ।

**'युवासाथी'**

विधानसभा चुनाव अघि पश्चिम बंगाल सरकार द्वारा घोषित 'युवासाथी' योजनालाई अभूतपूर्व प्रतिक्रिया पाइरहेको छ। आवेदन प्रक्रिया शुरू भएपछि 48 घंटाको अवधिमा यस योजना अन्तर्गत आवेदन गर्नेहरुको संख्या 13 लाख पार गरेको छ। यस योजना अन्तर्गत माध्यमिक पास बेरोज़गार युवक-युवतिहरुलाई प्रति महिना एक हजार 500 रुपियाँको आर्थिक सहायता दिइने छ। राज्य सरकार अनुसार, 21 देखि 40 वर्ष आयु वर्गका बेरोज़गार युवक अनि युवतिहरु यस योजनाका लागि आवेदन गर्न सक्ने छ। आवेदनको सुविधा ऑनलाइन अनि ऑफलाइन, दुवै माध्यमले उपलब्ध गराइएको छ । राज्य बजटमा वर्ष 2026–27 का लागि यस योजना हेतु पांच हजार करोड़ रुपियाँको प्रावधान गरिएको छ । योजना अन्तर्गत अधिकतम पांच वर्षसम्म सहायता दिइने छ, जबकि नौकरी पाएपछि भत्ता स्वतः बंद हुनेछ। तथापि, आवेदन प्रक्रिया शुरू भएपछि राज्यमा वास्तविक बेरोज़गारीको आंकड़ालाई लिएर प्रश्न उठ्न थालेको छ। उपलब्ध आंकड़ा अनुसार, पहिलो दुई दिनमा कुल 13 लाख आवेदन प्राप्त भएको छ, जसमा 45 हजार 812 आवेदन ऑफलाइन अनि बाकी ऑनलाइन माध्यमले जमा गरिएको हो। आवेदनको मामिलामा मुर्शिदाबाद जिल्ला सबैभन्दा अघि रहेको छ, जहा 77 हजार 790 आवेदन दर्ता भएको छ। त्यसपछि दक्षिण 24 परगनामा 49 हजार 449 अनि बांकुड़ामा 48 हजार 122 जनाले दर्ता गरेको छ । राजनीतिक जानकारहरु अनुसार मुख्यमंत्री ममता बनर्जीको यस योजनालाई चुनाव अघि युवाहरुलाई पकड बनाउने पहलको रुपमा हेर्रिंदै छ ।

**भाजपा-टीएमसी**

भारतीय जनता पार्टी-भाजपाले पश्चिम बंगालमा सत्तारूढ़ तृणमूल कांग्रेस माथि नयाँ 'युवा साथी' योजनाको माध्यमले युवाहरुलाई धोखा दिएको आरोप लगाएको छ। हिज कोलकातामा पत्रकारहरु सित विपक्षि नेता सुवेंदु अधिकारीले दावी गर्नु भयो कि पछिलो युवाश्री योजना अनि रोजगार बैंक द्वारा 17 लाख बेरोजगार युवाहरुलाई रोजगारको वचन सितै भत्ता प्रदान गरिएको थियो जो हाल बन्द गरिएको छ । श्री अधिकारीले आवेदकहरुलाई फॉर्म मिनको लागि लामो कतारमा उभ्याएकोमा मौजूदा प्रशासनको आलोचना गर्नु भयो अनि यस प्रक्रिया अवधि धेरै जनाले पुलिस उत्पीडनको सामना गर्नु परेको आरोप लगाउनु भयोभाजपाका राज्य प्रवक्ता देबजीत सरकारले आवेदन प्रक्रियाको पारदर्शिता माथि प्रश्न उठाउनु भयो । उहाँले रोजगार ब्यानकमा पहीले नामांकित भएका 17 लाख युवाहरुको भविष्य बारेमा चिंता व्यक्त गर्नु भयो अनि यस कुरोमा आपत्ति जताउनु भयो आवेदन सरकारी अधिकारिको सट्टा सत्तारूढ़ पार्टीका कार्यकर्ताहरु द्वारा किन लीइन्दै छ1। देबजीत सरकारले जम्मा गरिएका फॉर्महरुको औपचारिक रसीदनभएको कारण युवा साथी योजनाको संपूर्ण कार्यान्वयन माथि प्रश्न तेर्साउनु भयो ।

**"चाक्री चाई बंगाल"**

दार्जीलिंगका लोकसभा सांसद राजु बिष्टले बंगालका युवाहरूले रोजगारीको माग गरिरहेका छन् तर , टीएमसी सरकारले चुनाव अगाडि उनीहरूलाई "बेरोजगारी भत्ता" को रूपमा ₹१५०० प्रदान गरिरहेको बताउनु भयो। उहाँले मुख्यमन्त्री ममता बनर्जीको नेतृत्वमा रहेको तृणमूल कांग्रेसको नेतृत्वमा, पश्चिम बंगालले आर्थिक विपत्तिको सामना गरिरहेको बताउनुभयो। उहाँले राज्यमा आर्थिक अवसरहरूको अभावका कारण लाखौं युवाहरू पलायन हुन बाध्य बनेको बताउनु भयो। यसबाहेक, सबै सरकारी पदहरूको भर्तीमा घोटाला - एसएससी, सीएससी, शिक्षक भर्ती, समूह सी, समूह डी भर्ती, नगरपालिका भर्ती, चिकित्सा भर्ती सबै क्षेत्रमा सिन्डिकेट राज 'टीएमसी सरकारको पहिचान बनेको सांसदले बताउनुभयो। उहाँले भन्नुभयो, यो केवल भ्रष्टाचार मात्र होइन तर बंगालका युवाहरूसँगको विश्वासघात पनि हो। उहाँले यसको विपरित, भाजपाले बंगाललाई औद्योगिक शक्तिगृहको रूपमा पुनर्निर्माण गर्ने, लगानी ल्याउने र पारदर्शी भर्ती प्रणाली स्थापना गर्ने वाचा गरेको पनि श्री बिष्टले बताउनुभयो। हिजो सिलिगुडीमा BJYM द्वारा आयोजित "चाक्री चाई बंगाल" विरोध प्रदर्शनमा सामेल भएपछि श्री बिष्टले यस्तो मन्तब्य पोख्नु भएको हो| क्षेत्रभरका हजारौं युवाहरूले र्‍यालीमा भाग लिएका थिए र "रोजगारको माग गरेका थिए।

**सांसद बिष्ट**

दार्जीलिङका लोकसभा संसाद राजु बिष्टले हिजो सेभोक रेलवे स्टेशनबाट पहिलो लामो दूरीको रेल, सिक्किम महानन्द एक्सप्रेस शुरु भएको जानकारी दिनु भएको छ। यस रेल सेभोक रेलवे स्टेशनबाट गुड्ने पहिलो लामो दूरीको रेल रहेको बताइएको छ। यो रेलले अलिपुरद्वारलाई सिधै दिल्लीसँग जोड्नेछ। यसले सेभोक, कालिझोरा, लोहापुल, लाटपञ्चर, सितोङ, रम्बी, टिस्टा, लोप्चु, पेशोक, टिस्टा उपत्यका, कालिम्पोङ, डुवर्स र सिक्किमका मानिसहरूलाई ठूलो फाइदा पुर्‍याउने थाहा लागेको छ।सेभोक अब प्रमुख विकास गतिविधिहरूको केन्द्र बन्ने छ। यस अवसरमा सांसदले प्रधानमन्त्री नरेन्द्र मोदी, रेलमन्त्री श्री अश्विनी वैष्णव, र पूर्वोत्तर सीमान्त रेलवे, र यस क्षेत्रका सचेत र सचेत जनतालाई हार्दिक आभार व्यक्त गर्नुभएको छ।

**लङभ्यु**

जिटिएका डेपुटी चियरमैन राजेश चौहानको नेतृत्वमा रहेको एक टोलीले राज्यका श्रम मन्त्रीसित भेट गरेको छ। भेटको क्रममा श्रम मन्त्रीले लङभ्यू बगानको समस्या समाधान गर्न त्रिपक्षीय बैठक बोलाउने जानकारी चौहानले दिनु भएको छ। टोलीमा बगानका छ वटा ट्रेड युनियनका प्रतिनिधिहरु , क्षेत्रीय सभासद कल्पना प्रधान, पञ्चायतका

मणिराज डुम्जनले श्रम मन्त्री मलय घटक सँग भेटवार्ता गरेको हो। बैठक पश्चात राजेश चौहानले भेटघाट सौहार्द पुर्ण अनि सकारात्मक रहेको बताउनु भयो। उहाँले भन्नुभयो मन्त्री घटकको सुझाव अनुसार एक हप्ताभित्र कोलकातामा मन्त्री स्तरिय त्रिपक्षीय बैठक बोलाइने छ। बैठकमा मालिक, ट्रेड अनि सरकार पक्ष उपस्थित रहेनछन्। त्यही सभामा सरकारले चिया बगानको सञ्चालन माथि चुडान्त निर्णय सुनाउने मन्त्रीले प्रतिनिधि मण्डललाई बताए।" लङभ्यू चियाबगानको सञ्चालन विभिन्न कारणले अस्थिर रहेको छ। यसै अस्थिरतालाई सुल्झाउन विगत केही दिन अघि बगान सञ्चालन सँग सम्बन्धित छ वटा ट्रेड युनियनका प्रतिनिधिहरूले जीटीए मुख्य कार्यपाल अनित थापालाई भेट गरेका थिए। अर्कोतिर छ ट्रेड युनियन मध्येका एक हिल प्लान्टेसन इम्प्लोइज युनियनका प्रतिनिधिहरूले श्रम मन्त्री सामु बगान सिचारू हुनुपर्ने र श्रमिकहरूको समस्त पैसा पाउने पर्ने कुरा राखेको तर अन्य ट्रेड युनियनहरुले बगान बन्द गरेर FAWLOI दिनु पर्ने कुरा श्रम मन्त्रीलाई जनाएको खुलासा गरेका छन। युनियनको पक्षमा जारी एक बिज्ञप्तिमा लङभ्यू बगानका श्रमिकहरूको समस्याको समाधान कलकत्तामा हिज भएको बैठकमा बगान बन्द गर्ने युनियन गुटले श्रमिकहरूलाई ठुलो विश्वास घात गरेको बताएको छ।

## माकपाद्वारा घर निर्माण कार्य

मार्क्सवादी कम्युनिष्ट पार्टी माकपाले पैह्रो पीड़ित परिवारको घर निर्माण कार्य थालेको छ। सोमवार घर निर्माण कार्यको थालनी गर्दै मिरिक निगाले फाटक नजीक भूमि पूजन साथै शिलान्यास गरियो। गत ४ अक्टोबरको विनाशकारी पैह्रेले घरविहीन बनेका थर्बु नन्दलाल गाँउका रानु राई, जपुन राई अनि नौ माइलका अनु तामाङको घर निर्माणका लागि माकपा नेता एवं पूर्व राज्यसभा सांसद समन पाठकले भूमि पूजन गरेर घर निर्माणका लागि आधारशीला राख्नु भयो। यस अवधि क्षेत्रका माकपा नेताहरू सचिन खाती, किस्मत तामाङ, सुवर्ण राई लगायत स्थानीय मानिस तथा पीडित परिवारका सदस्यहरूको उपस्थिति थियो। उल्लेखनीय छ, माकपाले पहाडका सात पैह्रो पीडित परिवारको घर निर्माण गर्ने जमर्को कसेको छ, जसमा तीनवटा घर मिरिकमा निर्माण गरिँदैछ। घर निर्माणका लागि टिनको छानो, सिमेन्ट, गिटी, बालुवा लगायतका आवश्यक सामग्रीहरू पीडितहरूका घर निर्माण हुने ठाँउमा पुऱ्याइसकेको माकपा नेताहरूले बताएका छन्।

## नेपाल चुनाव प्रचार

5 मार्चको दिन हुने आम चुनावका लागि नेपालमा राजनीतिक दलहरुले हिजदेखि औपचारिक रूपले प्रचार शुरू गरेको छ। चुनाव आयोगको तर्फबाट चुनाव प्रचार शुरू गर्नमा लगाइएको रोक अन्त्य भएपछि उम्मीदवारहरुले घर-घर पुगेर प्रचार शूरू गरेको छ। राजनीतिक दलहरुले जनसभा अनि रैलिहरु पनि गरिरहेका छन्। चुनाव आयोगले 16 फरवरी देखि 2 मार्चसम्म चुनाव प्रचारको समय दिएको छ जस अवधि जनसभा, रैली, जुलूस, बैठक अनि लाउडस्पीकरको प्रयोग गर्न सकिनेछ। आयोगले भनेको छ आम चुनावको 48 घंटा अघि 2 मार्चको रातदेखि सबै प्रकारका प्रचार बन्द हुनुपर्नेछ। यस पल्ट संसदीय चुनावमा कुल 1 करोड़ नवासी लाख तीन हज़ार छ सय नवासी मतदाता छन्, जसमा 9 लाख पंद्रह हजार एक सय उन्नाइस नयाँ मतदाता सामेल छन्। संसदको निम्न सदनमा 275 सासंद छन् जसमा 165 को चुनाव प्रत्यक्ष मतदानले हुनेछ जबकि 110 आनुपातिक प्रतिनिधित्वद्वारा चुनिने छ।

****** ० ******